# डब्लु-एपिटि को लागि अभिभावक मार्गदर्शक
# (डब्लुआइडिए-एसिसिइएसएस स्थापन परीक्षण)

DENVER PUBLIC SCHOOLS
Discover a World of Opportunity™

मूल्याँकनहरूले विद्यार्थीहरू, अभिभावकहरू र शिक्षा प्रदायकहरूलाई विद्यार्थीहरूले ग्रेडतहको विषयवस्तुमा विज्ञता हासिल गरेका छन् छैनन् वा २१औं शताब्दीका लागि तयार ग्याजुएट हुने मार्गमा छन् छैनन् भन्ने कुराको महत्वपूर्ण जानकारी दिन्छन् । यी मूल्यांकन नतिजाहरूले तपाईंको बच्चाको शैक्षिक प्रगतिको प्रमाणको एउटा मापन प्रदान गर्ने मनसाय राखिन्छ ।

## डब्लु-एपिटि के हो ?

डब्लुआइडिए-एसिसिइएसएस स्थापन परीक्षण एउटा अंग्रेजी भाषा प्रवीणता "स्क्रिनर" हो जुन अङ्ग्रेजी सिकारू (इएलहरू) निर्धारण गर्न सकिने ग्रेडहरू के-१२ का डिस्ट्रिक्टका विद्यार्थीहरूलाई दिइन्छ। यसले शिक्षा प्रदायकहरूलाई इएलहरूको पहिचान र कार्यक्रमहरूमा उपयुक्त स्थापनमा सहयोग गर्छ।

डब्लु-एपिटिले सुनाइ, पढाइ, लेखाइ र बोलाइका चारवटा क्षेत्रहरूमा सामाजिक र शैक्षिक भाषा मापन गर्छ। सामाजिक भाषा दैनिक स्थितिहरूमा सञ्चार गर्न प्रयोग हुन्छ भने शैक्षिक भाषा कक्षाकोठामा सञ्चार गर्न प्रयोग गरिन्छ।

## मेरो बच्चालाई कहिले परीक्षण गरिन्छ ?

डब्लु-एपिटि ग्रेडहरू के-१२ का अंग्रेजी भाषा सिकारूहरूलाई उनीहरूले पहिलो पल्ट डिस्ट्रिक्ट प्रवेश गर्दा सञ्चालन गरिन्छ। यो भर्ना दश दिनभित्र सञ्चालन गरिन्छ र स्कूल वर्ष भरी कुनै पनि समयमा सञ्चालन गर्न सकिन्छ।

## मेरो बच्चाले कस्ता प्राप्ताङ्क(हरू) प्राप्त गर्नेछ ?

ग्रेडहरू १-१२ का विद्यार्थीहरूले निम्न परीक्षणको प्रत्येक खण्डका लागि प्राप्ताङ्कहरू प्राप्त गर्नेछन् : सुनाइ, पढाइ, लेखाइ र बोलाइ। तिनीहरूले व्यक्तिगत प्राप्ताङ्कबाट प्राप्त गरिएका तीनवटा कम्पोजिट प्राप्ताङ्कहरू पनि प्राप्त गर्नेछन्।

- मैखिक भाषा - बोलाइ (५०%) र सुनाइ (५०%) को योग
- साक्षरता - पढाइ (५०%) र लेखाइ (५०%)
- समग्र प्राप्ताङ्क - सुनाइ (१५%), बोलाइ (१५%), पढाइ (३५%) र लेखाइ (३५%),

यी प्रत्येकहरूका लागि प्रवीणता तह रिपोर्ट गरिन्छ जसमा १ न्युनतम र ६ अधिकतम हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| **१ - प्रवेश (एन्टरिंग)** | **२ - सुरु (बिगिनिंग)** | **३ - विकास (डिभेलपिंग)** | **४ - प्रसार (एक्सपान्डिंग)** | **५ - जोड (ब्रिजिंग)** | **६ - पहुँच (रिचिंग)** |

स्कुल वर्षको पहिलो सेमेस्टरमा पहिलो ग्रेडरहरू सामेल भएको किन्डरगार्टन एसेसमेन्ट लिने विद्यार्थीहरूले निदानात्मक जानकारी प्राप्त गर्नेछन् जसले शिक्षकलाई विद्यार्थीको अंग्रेजी क्षमताबारे जानकारी दिन मद्दत गर्नेछ। एउटा कोरा (र) प्राप्ताङ्क निर्माण गरिनेछ जसलाई विद्यार्थीले पूरा गर्न सक्ने सीपहरू हेर्न प्रयोग गरिनेछ। बोलाइ र सुनाइ खण्डहरूका लागि, एउटा एकिकृत प्राप्ताङ्क रिपोर्ट गरिनेछ जुन न्युन, मध्यम, उच्च र असाधारणमा विस्तारित हुनेछ।

## यी प्राप्ताङ्कहरूलाई कसरी प्रयोग गरिन्छन् ?

यी नतिजाहरूले डिस्ट्रिक्टमा प्रवेश गर्दा अंग्रेजी भाषा क्षमताको आधाररेखाका रूपमा कार्य गर्नेछन्। यसले अंग्रेजी सिकारूहरूका लागि पहिचान प्रक्रियामा मद्दत गर्छ। स्कूल शिक्षक र प्रशासकहरूको समूहले प्राप्ताङ्कको प्रयोग विद्यार्थीलाई अंग्रेजीमा अतिरिक्त सहयोग चाहिन्छ कि चाहिन्छ भनी निर्धारण गर्न गर्छन्।। उच्च प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीलाई डिस्ट्रिक्ट प्रवेशमा अंग्रेजी प्रवीण भनी वर्गीकरण गर्न सकिनेछ।

## अतिरिक्त जानकारी

मूल्याँकनहरू बारे अधिक जानकारीका लागि कृपया जवाफदेहिता, अनुसन्धान र मूल्याँकन वेबसाइट http://testing.dpsk12.org हेर्नुहोस् :

तिनीहरूले प्रकाशित गरेका डब्लुआइडिए र एसेसमेन्टहरूका बारेमा अधिक जान्नका लागि कृपया www.wida.us/assessment/ हेर्नुहोस्।

आफ्नो बच्चाको शिक्षामा संलग्न हुन हामी तपाईंलाई प्रोत्साहित गर्दछौं। आफ्नो बच्चालाई घरमा मद्दत गर्न सकिने तरिकाहरू र परीक्षण एकोमोडेसनको उपलब्धताका लागि आफ्नो बच्चाको शिक्षकसँग सम्पर्क गर्न कृपया नहिचकिचाउनुहोस्।

हामी तपाईंलाई निम्न कुराहरू सामेल भएको सहयोगी जानकारीका लागि http://standards.dpsk12.org/standards-resources/ मा जान प्रोत्साहित गर्दछौं :

- प्रविधि बारे अभिभावक मार्गदर्शन
- अंग्रेजी सिकारूहरूका लागि जानकारी
- कोलोराडो राज्य स्रोतहरू

यदि तपाईंसँग मूल्याँकनहरूबारे प्रश्नहरू वा चासोहरू भए कृपया आफ्नो बच्चाको स्कूलमा सोझै सम्पर्क राख्नुहोस् वा (७२०)४२३-३०५४ मा फेमिलि कन्स्चिच्युएन्सी सेवाहरूलाई फोन गर्नुहोस्।